## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालाय पूर्वाञ्चल, विराटनगरका तत्कालीन सह-परीक्षा नियन्त्रक हाल डिग्री क्याम्पस विराटनगरमा **कार्यरत सहप्राध्यापक डिल्लीराम प्रसाई** समेत ४ जना मु.नं (०८२-CR-००४२) फैसला मिति २०८२।१०।२८ | परीक्षाको परिणाम फेरबदल, नपाएको ओहदा पाएको र गलत प्रतिवेदन दिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादी डिल्लीराम प्रसाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५, १३ बमोजिमको कसूरमा सोही ऐनको दफा १५, १३ बमोजिम सजाय हुन र दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरि पाउने समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादीहरु प्रा.डा. जया लक्ष्मी प्रधान, प्रा.डा.मोतिलाल शर्मा र प्रा.डा.मेघराज पोखेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १३ र दफा १९ को उपदफा (२) बमोजिम सजाय गरि पाउने समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी मध्येका डिल्लीराम प्रसाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६(१) बमोजिम ६ महिना कैद र रु.१०,०००।— जरिवाना हुने र अन्य प्रतिवादीहरु जयालक्ष्मी प्रधान, मेघराज पोखरेल र मोतिलाल शर्माले आरोप दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी डिल्लीराम प्रसाईले सहपरीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि आवेदन दिंदा विद्यावारिधिको उपाधि प्राप्त गरेको भनी स्वघोषणासहित झुट्टा विवरण पेश गरेको देखिएकोले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम ६ महिना कैद र रु.१०,०००।— जरिवाना हुने।<br>• अन्य प्रतिवादीहरु जयालक्ष्मी प्रधान, मेघराज पोखरेल र मोतिलाल शर्माले प्रतिवादी डिल्लीराम प्रसाईंले पेश गरेको वैयक्तिक विवरण र सो साथ संलग्न कागजातहरुको आधारमा मूल्याङ्कन गरी प्रतिवादी डिल्लीराम प्रसाईसमेत ३ जना आवेदकहरुलाई अङ्क प्रदान गरी निजहरुले नाम सिफारिस सम्म गरेको, निजहरुले नियुक्ति गर्ने वा दिने कार्य नै गरेको नदेखिएको। | • त्रिभुवन विश्वविद्यालय पूर्वाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि सहपरीक्षा नियन्त्रक पदमा नियुक्तका लागि मिति २०८१।०५।११ मा प्रा.डा जयालक्ष्मी प्रधान संयोजक र प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा. मेघराज पोखेल सदस्य भएको ३ सदस्यीय सहपरीक्षा नियन्त्रक छनोट समिति गठन भई मिति २०८१।०५।१७ मा गोरखापत्रमा उक्त पदका लागि दरखास्त आह्वानका सूचना प्रकाशित भएकोमा प्रतिवादी डिल्लीराम प्रसाई समेतका ६ जना व्यक्तिको आवेदन परेको देखिन्छ। निज प्रतिवादी डिल्लीराम प्रसाईले मिति २०८१।०५।२६ मा आवेदन दिंदा स्वघोषणा सहित Ph.D. (विद्यावारिधि) उपाधि प्राप्त गरेको विवरण उल्लेख गरेको र प्रतिवादीहरु जयालक्ष्मी प्रधान समेतको छनोट समितिले त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १६ को दफा ३२ को उपदफा (३) बमोजिम Evaluation Form1 मा उल्लेख भए अनुसार निज प्रतिवादी डिल्लीराम प्रसाईलाई विद्यावारिधिको योग्यताका लागि ८ अंक दिएको र निज प्रतिवादी डिल्लीराम प्रसाईको कुल प्राप्ताङ्क सबै भन्दा बढी भई उपकुलपतिबाट मिति २०८१।०८।१८ मा सहपरीक्षा नियन्त्रक पदमा नियुक्त भएको तथ्यमा विवाद देखिँदैन। यद्यपि निज प्रतिवादी डिल्लीराम प्रसाईले विद्यावारिधि (Ph.D.) को अन्तिम मौखिक परीक्षा (Final Viva Voce) मिति २०८०।०९।०५ मा सम्पन्न गरी मिति २०८१।१०।२९ मा मात्र प्रोभिजनल लिएको देखिएको हुँदा निज प्रतिवादी डिल्लीराम प्रसाईले आवेदन दिंदाका बखत Ph.D. (विद्यावारिधि) उपाधि प्राप्त गरिनसकेको, त्रिभुवन विश्वविद्यालय रजिस्ट्रारको कार्यालय कीर्तिपुर काठमाडौंको च.नं. ८९३९, मिति २०८१।१२।१२ को पत्रको व्यहोरा हेर्दा निज डिल्लीराम प्रसाईको विद्यावारिधिको सम्बन्धमा प्रा.डा. ध्रुवबहादुर कार्कीको संयोजकत्वमा गठित ३ सदस्यीय छानबिन समितिले पेश गरेको राय सुझाव सहितको प्रतिवेदनको आधारमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको मिति २०८१।१०।२४ को बैठक नं. ५५६ बाट निज डिल्लीराम प्रसाईको नियुक्ति बदर भई उक्त पदमा सहप्राध्यापक डा. गोविन्द प्रसाद गुरागाईंलाई नियुक्त गरिएको देखिन्छ। निज प्रतिवादी डिल्लीराम प्रसाई स्वयंले अनुसन्धानका क्रममा बयान गर्दा आवेदन दिंदाका बखत मौखिक परीक्षा भए पनि प्रोभिजनल लिई नसकेको तथ्यलाई स्वीकार गरेको देखिँदा निज प्रतिवादी डिल्लीराम प्रसाईंले ओहदा प्राप्तिको आधार नै झुट्टा प्रमाणपत्र भएकोले निजको नियुक्ति नै वैध आधारको नहुँदा निजले प्राप्त नगरेको शैक्षिक योग्यताको आधारमा प्राप्त गरेको पद ओहदा नै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ मा परिभाषित "नपाएको ओहदा पाँए" भन्ने कसूरजन्य कार्य हो भन्ने तथ्य स्थापित भई रहेको देखिँदा देखिँदै सो तथ्य एवं प्रमाणहरुलाई नजरअन्दाज गरी प्रतिवादी डिल्लीराम प्रसाईं उपर लिईएको दावी भन्दा फरक आरोप दावी नै नलिईएको सोही ऐनको दफा १६(१) बमोजिमको कसूर कायम गरी ६ महिना कैद र रु.१०,०००।—जरिवाना हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ मा "प्रश्न पत्रको गोपनियता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने" कार्यलाई भ्रष्टाचारजन्य कसूरमा परिभाषित गरेको पाईन्छ। प्रतिवादी डिल्लीराम प्रसाईंले अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी मिति २०८१।०५।२६ मा आवेदन दिंदा स्वघोषणा सहित Ph.D. (विद्यावारिधि) उपाधि प्राप्त गरेको विवरण उल्लेख गरी नपाएको ओहदा विद्यावारिधीको पद, चिन्ह, निस्सा पेश गरी दावी गरेकोमा अन्य प्रतिवादीहरु जयालक्ष्मी प्रधान समेतको छनोट समितिले त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १६ को दफा ३२ को उपदफा (३) बमोजिम Evaluation Form1 मा उल्लेख भए अनुसार निज प्रतिवादी डिल्लीराम प्रसाईंलाई विद्यावारिधिको योग्यताका लागि ८ अंक दिएको र निज प्रतिवादी डिल्लीराम प्रसाईको कुल प्राप्ताङ्क सबै भन्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बढी भई उपकुलपतिबाट मिति २०८१।०८।१८ मा सहपरीक्षा नियन्त्रक पदमा नियुक्त भएको देखिन्छ । यसरी यी प्रतिवादी डिल्लीराम प्रसाई समेतले परीक्षाको परिणाम नै फेरबदल गरी गराई पेश गरेको विवरणलाई प्रतिवादीहरु जयालक्ष्मी प्रधान समेतको छनोट समितिले त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १६ को दफा ३२ को उपदफा (३) बमोजिम Evaluation Form1 मा उल्लेख भए अनुसार निज प्रतिवादी डिल्लीराम प्रसाईलाई विद्यावारिधिको योग्यताका लागि ८ अंक दिई नियुक्तिको लागि सिफारिस समेत गरेको देखिँदा यी प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ मा उल्लेखित "परीक्षाको परिणाम फेरबदल गर्ने" कसूरजन्य कार्य गरेको तथ्य स्थापित भएको देखिँदा निज प्रतिवादी जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरजन्य कार्य गरेको तथ्य स्थापित भएको देखिन्छ। यसै गरी उक्त कार्य गर्ने गराउने समेत गरी फाईदा प्राप्त गर्ने प्रतिवादी मध्येका डिल्लीराम प्रसाईं गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको देखिँदा आरोप पत्रमा प्रतिवादी कायम गरिएका उपरोक्त प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• प्रतिवादीहरु जयालक्ष्मी प्रधान संयोजक र मोतिलाल शर्मा तथा मेघराज पोखेल सदस्य भएको ३ सदस्यीय सहपरीक्षा नियन्त्रक छनोट समितिले गरेको Evaluation Form 1, 2, 3, 4 समेतलाई विस्तृत विश्लेषण गर्दा निज प्रतिवादी डिल्लीराम प्रसाईले विद्यावारिधि सम्पन्न नगरेको तथ्य निजले पेश गरेको Viva Voce बाट नै खुलेको देखिँदा देखिँदै छनोट समितिका सदस्यहरुले जानी जानी बदनियत राखी निज डिल्लीराम प्रसाईलाई त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १६ को दफा ३२ को उपउफा (३) बमोजिमको प्रावधानमा विद्यावारिधि गरेको भनी झुट्टा विवरणको आधारमा ८ अंक दिई दिन लगाई **परीक्षाको परिणाम फेरबदल गरी गराई** निज डिल्लीराम प्रसाईलाई सहपरीक्षा नियन्त्रक पद, ओहोदा, हैसियत, सुविधा प्राप्त गर्ने गरी झुट्टा विवरणको आधारमा प्रा.डा. जया लक्ष्मी प्रधान, प्रा.डा.मोतिलाल शर्मा र प्रा.डा.मेघराज पोखेलले नियुक्तिको लागि **गलत प्रतिवेदन सहित** सिफारिस गरे गराएको देखिन्छ।सोही गलत प्रतिवेदनको आधारमा त्रि.वि.रजिष्ट्रारको कार्यालयको च.नं.४८९९, मिति २०८१।०८।१८ गतेको पत्रबाट क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि सहपरीक्षा नियन्त्रक पदमा मिति २०८१।०८।१९ गते देखि लागू हुने गरी डिल्लीराम प्रसाईंलाई नियुक्ति गरेको मिसिल संलग्न सवूद प्रमाण तथा तथ्यबाट देखिँदा निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ र दफा १९(२) मा परिभाषित भ्रष्टाचारजन्य कसूर गरेको तथ्य सो सम्बन्धमा त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयबाट प्रा.डा. ध्रुव बहादुर कार्कीको संयोजकत्वमा ३ (तीन) सदस्यीय छानबिन समिति गठन गरी छानबिन गर्दा प्रा.डा. जया लक्ष्मी प्रधानको संयोजकत्वमा गठित सहपरीक्षा नियन्त्रक छनोट समितिबाट मिति २०८१।७।१२ गते क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय विराटनगरको लागि सहपरीक्षा नियन्त्रक पदको लागि लिइएको परीक्षामा डिल्लीराम प्रसाईले विद्यावारिधि पूरा गर्दै नगरेको समयावधिमै निजले विद्यावारिधि पूरा गरेको भनी प्रतिवादीहरु बीचको एक आपसको मिलेमतोमा बदनियतपूर्वक विद्यावारिधि वापत ८ (आठ) अंक प्रदान गरी Final List of the Recommended Candidates को एक (१) नम्बरमा सूचीकृत गरी यी प्रतिवादीहरु जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेल समेतको समितिले निज प्रतिवादी डिल्लीराम प्रसाईलाई नियुक्तिका लागि सिफारिस गरेको देखिन्छ। यसरी उक्त सहपरीक्षा नियन्त्रक पदको नियुक्तिकै लागि मूल जिम्मेवारीका साथ गठन गरिएको समितिबाट नै गलत प्रतिवेदन पेश भई परीक्षाको परिणाम फेरबदल भएको तथ्य प्रा.डा. ध्रुव बहादुर कार्कीको संयोजकत्वमा ३ (तीन) सदस्यीय छानबिन समितिको प्रतिवेदनवाट पुष्टि भइरहेको देखिँदा देखिँदै सो प्रमाणको बेवास्ता गरी यी प्रतिवादीहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेललाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मथुरा ढकालसमेत विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको ने.का.प. २०७५ फागुन, अंक ११, नि.नं. १०१४२ को **परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको** मुद्दामा *"भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने।"* भनी प्रतिपादित नजिर सिद्धान्त र नेपाल सरकार विरुद्ध विनयकुमार गामी समेत भएको ने.का.प. २०७२ असार, अंक ३, नि.नं. ९३७४ को **भ्रष्टाचार** मुद्दामा *"ऐन नियमबमोजिम सम्पन्न गराउनका लागि जिम्मेवार कर्मचारीहरूले आफ्नो दायित्वलाई इमानदारीपूर्वक निर्वहन गर्नुपर्ने"* भनी प्रतिपादित सिद्धान्त समेतको आधारमा प्रतिवादीहरु डिल्लीराम प्रसाई, जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेललाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादी डिल्लीराम प्रसाईलाई आरोप दावीभन्दा भिन्न कसुर ठहर गरी कम सजाय गर्ने र अन्य प्रतिवादीहरु जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेललाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरु डिल्लीराम प्रसाई, जयालक्ष्मी प्रधान, मोतिलाल शर्मा र मेघराज पोखेललाई लाई आरोप दावी बमोजिम सजाय परि पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |